प.सं. च.नं. / Ref:

निर्वाचन आयोग नेपाल २०२३

मिति: २०७८/१/२९

# प्रेस विज्ञप्ति

## मतदाता नामावली स्वीकृत, मतदानकेन्द्र निर्धारण र अभिमुखीकरण कार्यक्रम

सम्वत् २०७८ साल जेठ १७ गते सोमबारका दिन सम्पन्न हुने लुम्बिनी प्रदेशको रिक्त राष्ट्रिय सभा सदस्य उपनिर्वाचनका लागि आयोगले आज मिति २०७८/१/२९ गते मतदाता नामावली स्वीकृत गरी मतदानकेन्द्र समेत निर्धारण गरेको छ । लुम्बिनी प्रदेशको रिक्त राष्ट्रिय सभा सदस्य उपनिर्वाचनका लागि प्रदेश सभा सदस्य ७९ जना र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुख २१७ जना गरी जम्मा २९६ जना मतदाता रहेका छन् । लुम्बिनी प्रदेशमा प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्य गरी जम्मा ३०५ जना मतदाता रहेकोमा हाल विभिन्न कारणले प्रदेश सभा सदस्य ८ र स्थानीय तहका सदस्य १ गरी जम्मा ९ जना मतदाता रिक्त रहेको छ ।

उक्त निर्वाचनका लागि दाङ जिल्ला, घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित कर्मचारी मिलन केन्द्र, दाङलाई मतदानस्थल तोकिएको छ । उक्त मतदानस्थलमा प्रदेश सभा सदस्यका लागि केन्द्र (क) र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखको लागि केन्द्र (ख) गरी २ (दुई) वटा मतदान केन्द्र समेत तोकिएको छ ।

यसैगरी आज निर्वाचन अधिकृत, प्रदेश निर्वाचन अधिकारी र कम्प्यूटर अपरेटरका लागि राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । उक्त अभिमुखीकरण कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले अहिलेको विषम परिस्थितिमा स्वास्थ्य सम्वन्धी सुरक्षा मापदण्ड पूर्णरुपमा पालना गरेर मात्र निर्वाचन सम्बन्धी सम्पूर्ण गतिविधिहरु संचालन गर्न सम्बन्धित सबैलाई निर्देशन दिनु भएको थियो । कार्यक्रममा आयोगका आयुक्तहरु, सचिव लगायत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

078/1/29

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np